पलाँता गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पलाँता, कालिकोट
कर्णाली प्रदेश नेपाल

पत्र संख्याः२०८०।०८१ | च.न | मितिः२०८०/०६/२५

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०।०६।२५**

पलाँता गाउँपालिका/दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजना (सुस्वा) अन्तरगत पलाँता गाउँपालिकामा सञ्चालित तपसीलका खानेपानी तथा सरसफाइ योजनाहरुका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजनामा प्रयोग हुने सामग्रीहरु, SW Map-GNSS Surveyor with Carbon Rood,WAG-Tech KIT,ENPHO WQ field testing Kit,ICE Boxe,औजारहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

शर्तहरु :

१. विभिन्न आवश्यक SW Map-GNSS Surveyor with Carbon Rood,WAG-Tech KIT,ENPHO WQ field testing Kit,ICE Boxe

औजारहरु सप्लाई सम्बन्धी दरभाउपत्र फारम प्रति फाराम रु. १००० अक्षरेपी रु. एक हजार मात्र (पछि फिर्ता नहुने गरी) पलाँता गाउँपालिकाको नबिल बैंक पलाँता शाखामा रहेको सञ्चित/आन्तरिक कोष खाता नं. ०७५०१०१७५००२६३ मा जम्मा गरी लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौ दिनको कार्यालय समय भित्र सम्बन्धित गाउँपालिकाको कार्यालय, वास इकाइको कार्यालय,दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजना, आयोजना सहयोग इकाई सुखेतवाट खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं) दिनको दिउसो १२:०० बजे भित्र फाराम खरिद गरिएको कार्यालय वा सम्बन्धित पलाँता गाउँपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ । साथै दरभाउ पत्र खरिद गरेको सक्कलै बैंक जम्मा भौचर सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्स् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३. सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर अनलाइन मार्फतwashunitpalata@gmail.com & ito.palatamun@gmail.com समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौ) दिनको दिउसो १२.०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी गाउँपालिकामा रहेको वास इकाइले चेकजाँच भएपछि मात्र गर्नेछन । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी मिति २०८०।०७।१० गते पलाँता गाँउपालिकाको कार्यालय मा दिनको दिउसो १२.०० बजे खरिद समितिका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

७. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार पलाँता गाउँपालिका खरिद समितिहरुमा सुरक्षित रहनेछ ।

१०. अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना पलाँता गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ ।

१२. अन्य थप जानकारीको लागि । मो.नं.९८४८३३१६४७,९८४२६५५०७८

पलाता गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पलाँता,कालिकोट
कर्णाली प्रदेश नेपाल

पत्र संख्या:२०८०।०८१ च.न मिति:२०८०/०६/२५

श्री सप्लायर्र

तपशिल

| S.N | Items and Specification | Unit | Amount | |
|---|---|---|---|---|
| | | | Rate | Total |
| | SW Map-GNSS Surveyor with Carbon Rood | | | |
| | WAG-Tech KIT,ENPHO WQ field testing Kit | | | |
| | ENPHO WQ field testing Kit | | | |
| | ICE Boxe | | | |
| | Total | | | |
| | 13% VAT | | | |
| | Grand Total | | | |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सुरेशकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत